पठाइने भएकाले तपाईंको इमेल तथा मोबाइल नं मा गरिएको म्यासेज हेरी सोही अनुसार गर्नु होला । भन्ने म्यासेज देखिनेछ। यति भएपश्चात विद्यार्थीको फाराम भर्ने कार्य सम्पन्न भयो भन्ने बुझ्नुपर्दछ ।

- Submit भएको फाराम Admit Card नभई Online Form भरेको प्रमाण मात्र हो यसका आधारमा मात्र छात्रवृत्ति परीक्षामा सहभागी हुन पाइने छैन।
- फाराम अनलाइन पेस (form submit) भएपश्चात् पनि इमेल र मोबाइल नं मा प्राप्त username (युजर नेम) र Password (पासवर्ड) राखी विवरण सच्याउन सकिनेछ ।
- उपमहानगरपालिकाबाट confirmation हुनु अघि विवरण सच्याउन वा थप गर्न वा कागजात राखी इमेलमार्फत् अनुरोध गरेमा मात्र फाराम सच्याउन वा विवरण थप गर्न सकिने छ ।
- तर उपमहानगरपालिकाबाट फाराम confirmation भएपश्चात् कुनै पनि विवरण सच्याउन सकिने छैन।
- फोटो तथा अन्य आवश्यक डकुमेन्ट मोबाइलले फोटो खिचेरसमेत अपलोड गर्न सकिने छ ।
- नगरबाट फाराम रुजु यकिन भएपश्चात् विवरण मिलेमा मात्र Final confirmation पठाइनेछ ।
- पेस गरेका विवरणहरु झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि त्यस्ता विद्यार्थीको छात्रवृत्ति सुविधासमेत रद्द गरिनेछ ।

**४. न्यूनतम योग्यता :**

- शैक्षिक सत्र २०८२ को SEE परीक्षामा सहभागी भई ग्रेडेड भएका

**५. छात्रवृत्ति परीक्षा सञ्चालनका लागि कुल विद्यार्थी सङ्ख्याको आधारमा दश प्रतिशत छात्रवृत्ति सिट आरक्षित गरिनेछ। सो दश प्रतिशत सिटलाई सत प्रतिशत मानी देहायको प्रतिशतका आधारमा छात्रवृत्ति सिट वितरण गरिनेछः**

- जेहेन्दार : ३७(सैतिस) प्रतिशत
- विपन्नः ३६(छत्तिस) प्रतिशत
- आदिवासी जनजाति : १०(दश) प्रतिशत
- दलित :५ (पाँच) प्रतिशत
- अपाङ्गता भएका विद्यार्थीका लागि :३(तीन) प्रतिशत
- जनआन्दोलन घाइते/सहिद परिवार/बेपत्ता परिवार सन्तती/मधेश आन्दोलनका घाइतेका सन्ततीः ९ (नौ) प्रतिशत

**६. अनलाइन फाराम भर्न चाहिने आवश्यक कागजातहरुः**

- पासपोर्ट साईजको फोटो
- नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र
- SEE को चारित्रिक प्रमाण पत्र वा ट्रान्सफर प्रमाणपत्र वा छात्रवृत्तिका लागि विद्यालयको सिफारिस पत्र
- विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- समावेशी समूह अन्तर्गत आदिवासी जनजाति/थारु, दलित, मधेशी, मुस्लिम, अल्पसङ्ख्यकको हकमा सम्बन्धित आयोग वा प्रतिष्ठानबाट प्राप्त भएको प्रमाणपत्र वा इलाका/जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको सिफारिसपत्र,
- सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा इलाका प्रशासन कार्यालयबाट प्रदान भएको पत्र,
- अपाङ्गता भएका व्यक्तिले स्थायी बसोबास भएको सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गताको परिचयपत्र,
- तुलसीपुर उपमहानगरपालिका नगरपालिकाको स्थायी बासिन्दाको हकमा नागरिकता वा जन्मदर्ता वा बसाइँसराइँ पत्रसहित वडाको सिफारिस पत्र,

